"धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर"

धनकुटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फोन नं – ०२६-५२२११९
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
च.न. ५७

# धनकुटा नगरपालिकाको नियमन क्षेत्रभित्रका सहकारी संस्था तथा सदस्यहरुलाई जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०४/०९

१. नगरक्षेत्रका सहकारी संस्थाहरुले आ.ब. २०७९/०८० असार मसान्त सम्मको मासिक वित्तिय विवरण, सेयर सदस्यहरुको सम्पूर्ण विवरण, कार्यरत कर्मचारीको विवरण, समष्टिगत विवरण, सम्पत्ति शुद्धीकरणको कार्यान्वयनका लागि कार्यान्वयन अधिकारीको विवरण २०८० भाद्र मसान्त भित्र अनिवार्य रुपमा कोपोमिस (CoPoMIS) मा प्रविष्टी गर्नु हुन ।

२. धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५५ बमोजिम लेखा परीक्षक नियुक्त गरी सोको जानकारी नगरपालिकालाई गराई दफा ५३ को उपदफा १ बमोजिम संस्थाको आ.ब. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन २०८० असोज मसान्त भित्र तथा ऐनको दफा २८ को उपदफा २ बमोजिम संस्थाको बार्षिक साधारण सभा २०८० पौष मसान्त भित्र सम्पन्न गरी सम्पन्न भएको १५ दिन भित्र लेखा परीक्षण प्रतिवेदन तथा बार्षिक प्रतिवेदन यस नगरपालिकामा पेश गर्नुहुन अन्यथा ऐनले तोकिए अनुसार जरिवाना गरिनेछ ।

३. कतिपय सहकारी संस्थाले साधारण सभाको नाममा सदस्यहरुलाई कार्यालयमा बोलाई उपस्थितिमा दस्तखत गराउने र साधारण सभाका अन्य प्रक्रियाहरु केही नगरी प्रतिवेदन पास भएको भनि निर्णय पुस्तिका लेख्ने र नियामक निकायमा पेस गर्ने गरेको भन्ने गुनासो आएको सम्बन्धमा सहकारी ऐन, नियमावलीमा भएको ब्यवस्था बमोजिम विधिपूर्वक साधारण सभा गरेर मात्र प्रतिवेदन पेस गर्नुहुन सूचित गरिन्छ । अन्यथा अनुगमनको क्रममा साधारण सभा नै नगरी प्रतिवेदन पेश भएको पाईएमा ऐन बमोजिम जरिवाना सहित पुन: साधारण सभा गराउन निर्देशन दिईनेछ ।

४. धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ६६ को उपदफा ३ बमोजिम २ बर्ष भन्दा बढी अवधि सम्म साधारण सभा नगर्ने, लेखा परीक्षण नगराउने र विवरण अद्यावधिक नगर्ने सहकारी संस्थाको सोही ऐन अनुसार दर्ता खारेज गर्ने प्रक्रिया अगाडी बढाउनु पर्ने भएकाले यो सूचना प्रकाशित भएको १५ दिन भित्र त्यस्ता सहकारी संस्थाहरुले यस कार्यालयमा लिखित कारण सहित उपस्थिति हुन ।

प्रमुख प्रशासकीय अधिकृत

"धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर"

धनकुटा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फोन नं – ०२६-५२२११९
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
च.न. ५२

५. विभिन्न सहकारी संस्थाहरुबाट विभिन्न मितिमा ऋण लिएका सहकारी सदस्यहरुले ऋण नतिरेको साथै ऋण लिएका सदस्यहरुलाई पटक पटक सहकारी संस्थाहरुले ताकेता गर्दा पनि सम्पर्कमा नआएको भनि यस कार्यालयमा निवेदन प्राप्त भएकाले ऋण लिएका सहकारी सदस्यहरुले सहकारी संस्थाको सम्पर्कमा आई समयमा नै ऋण चुक्ता गर्नुहुन अन्यथा त्यस्ता ऋणीहरुको नाम सार्वजनिक गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

६. सहकारी संस्थाहरुले सहकारी कानूनले स्पष्ट ब्यवस्था गरेका क्षेत्र र सहकारी सदस्यहरुलाई मात्र ऋण प्रवाह गर्नुहुन र ऋण लिने सदस्यहरुले जुन उद्देश्यले ऋण लिएको हो सोही क्षेत्रमा लगानी गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

मुक्तिनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत